# शुक्लाफाँटा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ४ संख्या: २ मिति: २०७७/०५/०१ गते

## भाग-२

## व्यवसाय दर्ता सम्बन्धि कार्यविधि २०७७

कार्यपालिकाबाट स्वीकृत मिति: २०७७।०४।२९

**प्रस्तावना**

शुक्लाफाँटा नगरपालिका क्षेत्रभित्र गरिने सम्पुर्ण व्यवसायलाई व्यवस्थित र नियमन गर्न आवश्यक देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम शुक्लाफाँटा नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

### १) संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम "व्यवसाय दर्ता कार्यविधि २०७७" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२) **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले शुक्लाफाँटा नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले शुक्लाफाँटा नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले शुक्लाफाँटा नगरपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "व्यवसाय" भन्नाले दफा ३ अनुसारका व्यवसाय सम्झनु पर्दछ ।

(च) "व्यवसायी" भन्नाले व्यवसायको प्रोपराईटरलाई सम्झनु पर्दछ ।

(छ) "दर्ता" भन्नाले कुनैपनि व्यवसायलाई नगरपालिका कार्यालयमा दर्ता गरि प्रमाणपत्र दिईने कार्यलाई सम्झनु पर्दछ ।

(ज) "वडा कार्यालय" भन्नाले शुक्लाफाँटा नगरपालिकाका एक देखि बाह्र सम्मका वडा कार्यलय सम्झनु पर्दछ ।

(झ) "नगर सभा" भन्नाले शुक्लाफाँटा नगरपालिकाको सभालाई सम्झनु पर्दछ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शुक्लाफाँटा नगरपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी वहन गरेको अधिकारी सम्झनु पर्दछ ।

# परिच्छेद-२
## व्यवसायका किसिम

३) शुक्लाफाँटा नगरपालिका क्षेत्रभित्र रहेका देहाय बमोजिमका आर्थिक कारोवार झल्किने व्यवसायलाई व्यवसायमा गणना गरिनेछ ।

(क) अनुसूची -१ मा उल्लेख गरिएका व्यवसायहरु

(ख) अनुसूची -१ मा उल्लेख हुन छुटेका तर नगर कार्यपालिकाबाट व्यवसाय भनि किटान गरिएका अन्य व्यवसायहरु

# परिच्छेद-३
## व्यवसाय दर्ता सम्बन्धि व्यवस्था

४) यस कार्यविधि बमोजिम देहायमा उल्लेखित प्रक्रिया एवम् कागजात संलग्न राखी व्यवसायीले आवेदन गरेमा नगरपालिका कार्यालयद्वारा व्यवसाय दर्ता गरिने छ ।

(क) रीतपूर्वकको निवेदन ।

(ख) वडा कार्यालयको सिफारिस ।

(ग) वडा कार्यालयद्वारा तयार पारिएको स्थलगत सर्जमीन मुचुल्का।

(घ) व्यवसायीको ना.प्र.प. को प्रतिलिपी ।

(ङ) व्यवसाय गर्ने भवन रहेको स्थानको कित्ता नम्बर देखिने ज.ध. प्रमाण पूर्जाको प्रतिलिपी ।

(च) अर्कै व्यक्तिको कोठा/सटर भाडामा लिई व्यवसाय गर्ने भएमा सम्झौताको प्रतिलिपी ।

(छ) भाडामा  दिने व्यक्तिको ना.प्र.प. को प्रतिलिपी ।
(ज) व्यवसाय गर्ने भवन प्रति जमिनमा रहेको भएमा वडा कार्यालयको सिफारीस पत्रमा सो व्यहोरा समेत उल्लेख भएको हुनुपर्ने ।
(झ) दुई प्रति पासपोर्ट साइजको फोटो ।
(ञ) व्यवसाय कर तिरेको रसिद ।
(ट) व्यवसाय संचालन गर्ने व्यक्ति स्वयं उपस्थित हुनुपर्ने छ ।

## परिच्छेद -४

## मदिरा तथा सूर्तिजन्य पदार्थको व्यवसाय दर्ता सम्बन्धि व्यवस्था

५) मदिरा तथा सूर्तिजन्य पदार्थको व्यवसाय दर्ताको लागि व्यवसायीले देहाय बमोजिमको कागजात संलग्न राखी  नगरपालिका कार्यालयमा आवेदन गर्नुपर्ने छ ।
(क) रीतपूर्वकको निवेदन
(ख) मदिरा तथा सूर्तिजन्य पदार्थ व्यवसाय गर्ने स्थान शुक्लाफाँटा नगरपालिकाको मुख्य बजार क्षेत्र तोकिएको स्थान बाहेक अन्य क्षेत्रमा सार्वजनिक स्थल, विद्यालय, स्वास्थ्य संस्था, मठ मन्दिर जस्ता धार्मिक तथा सामाजिक महत्त्वका स्थानबाट ५०० मीटर टाढा हुनुपर्नेछ।
(ग) मदिरा विक्री वितरण, व्यवस्थापन तथा नियमन निर्देशिका २०७६ का शर्त पालन गर्न व्यवसायीले मंजुर गरेको व्यहोरा सम्बन्धित वडा कार्यालयद्वारा तयार पारिने स्थलगत सर्जमीन मुचुल्का

र वडा कार्यालयको सिफारिस पत्रमा स्पष्ट रुपमा उल्लेख भएको हुनुपर्ने छ।

(घ) परिच्छेद -३ दफा ४ को उपदफा (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ) र (ट) बमोजिमका अन्य कागजातहरु ।

६) दफा ५ अनुसारका प्राप्त कागजातहरुको आधारमा व्यवसाय दर्ता गर्न उचित लागेमा नगरपालिका कार्यालयले मदिरा तथा सूर्तिजन्य पदार्थको व्यवसाय दर्ता गर्नेछ ।

## परिच्छेद -५

## व्यवसाय दर्ता खारेजी सम्बन्धि व्यवस्था

७) यस कार्यविधि बमोजिम नगरपालिका कार्यालयमा दर्ता भएको व्यवसाय बन्द अथवा दर्ता खारेजी गर्नुपरेमा तपशिलमा उल्लेखित कागजात संलग्न राखी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्ने छ ।

(क) रीतपूर्वकको व्यवसायीको निवेदन ।

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

(ग) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी र सक्कल ।

(घ) व्यवसायीको ना.प्र.प. को प्रतिलिपी ।

(ङ) नविकरण दस्तुर बुझाएको रसीद ।

(च) व्यवासायी स्वयम् उपस्थित हुनुपर्ने छ ।

८) दफा ७ अनुसारका कागजातहरुको आधारमा व्यवसाय दर्ता खारेज गर्न मनासिव देखिएमा दर्ता खारेज गरिने छ ।

## परिच्छेद -६

## व्यवसाय रहने स्थान र व्यवसायको नाम परिर्वतन सम्बन्धि व्यवस्था

९) यस कार्यविधि बमोजिम एउटा वडामा भाडाको घरमा रहेको व्यवसाय अर्को वडामा स्थानान्तरण गर्न वा एउटै वडाभित्र पनि स्थान परिवर्तन गर्नुपरेमा देहाय अनुसारका कागजात संलग्न राखी नगरपालिका कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(क) व्यवसायीको रितपूर्वकको निवेदन ।

(ख) पहिलेको घरधनीसँग सम्झौता भंग भएको प्रमाण ।

(ग) नयाँ घरधनीसँग भएको सम्झौताको प्रतिलिपी ।

(घ) नयाँ घरधनीको ना.प्र.प.को प्रतिलिपी ।

(ङ) व्यवसाय रहने कोठा/सटर रहेको जग्गाको कि.नं. स्पष्ट देखिने ज.ध. प्रमाण पूर्जाको प्रतिलिपी ।

(च) नयाँ स्थानमा व्यवसाय सार्नको लागि वडा कार्यालयद्वारा तयार गरिएको स्थलगत सर्जमीन मुचुल्का ।

(छ) वडा कार्यालयको सिफारिस पत्र ।

(ज) प्रति जमीनमा बनेको कोठा/सटरमा व्यवसाय सार्न परेमा वडा कार्यालयको सिफारिश पत्रमा सो व्यहोरा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ ।

१०) यस कार्यविधि बमोजिम नगरपालिका कार्यालयमा दर्ता भई सकेको व्यवसायको नाम परिवर्तन गर्नुपरेमा तपशिलमा उल्लेखित कागजात संलग्न राखी नगरपालिका कार्यालयमा रितपूर्वकको निवेदन

दिनुपर्ने छ र नगरपालिका कार्यालयले उचित ठहऱ्याएमा व्यवसायको नाम परिवर्तन गर्न सक्ने छ ।

(क) रितपूर्वकको निवेदन ।

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

(ग) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी र सक्कल ।

(घ) नविकरण दस्तुर बुझाएको रसीद ।

(ङ) साविकको व्यवसाय र हालको व्यवसायको प्रकृति फरक हुने भएमा वडा कार्यालयद्वारा तयार पारीएको स्थलगत सर्जमीन मुचुल्का ।

## परिच्छेद -७

## व्यवसाय नामसारी सम्बन्धि व्यवस्था

११) यस कार्यविधि बमोजिम नगरपालिका कार्यालयमा दर्ता भएको कुनैपनि व्यवसाय तपशिलको अवस्थामा एउटा व्यक्तिको नामबाट अर्को व्यक्तिको नाममा नामसारी गर्न सकिने छ ।

(क) व्यवसायीको मृत्यु भएमा।

(ख) कुनै व्यवसायीले आफ्नो व्यवसाय अर्को व्यक्तिलाई विक्री गरेमा ।

(ग) व्यवसायी वेपत्ता भएमा।

(घ) व्यवसायी असक्त भई निजले आफ्नो व्यवसाय आफ्नो अंशियारको नाममा नामसारी गर्न चाहेमा ।

(ङ) व्यवसायी वहुलाह भएमा ।

१२) दफा ९ को उपदफा (क), (ख), (ग), (घ) र (ङ) बमोजिम नामसारी प्रयोजनका लागि तपशिलमा उल्लेखित कागजात संलग्न राखी नगरपालिका कार्यालयमा रितपूर्वकको निवेदन पेश गर्नुपर्नेछ।

(क) रितपूर्वकको निवेदन ।

(ख) व्यवसायीको मृत्यु भएमा मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी, वेपत्ता भएमा ईलाका प्रहरी कार्यालयको सर्जमीन मुचुल्का र सम्बन्धित वडा कार्यालयको सिफारिस, बहुलाह भएमा मान्यत प्राप्त मेडिकल अधिकृतको प्रमाणपत्र र सम्बन्धि वडा कार्यालयको सिफारिस पत्र, अन्य व्यक्तिलाई व्यवसाय विक्री गरेमा सोको प्रमाण ।

(ग) दफा ९ (क), (ग), (घ) र (ङ) को अवस्थामा नाता प्रमाण पत्रको प्रतिलिपी ।

(घ) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

(ङ) साविकको व्यवसायी र नामसारी गर्नु पर्ने व्यवसायीको ना.प्र.प.को प्रतिलिपी ।

१३) दफा १२ अनुसार संलग्न प्रमाणहरुको आधारमा नगरपालिका कार्यालयद्वारा आवश्यक छानविन गरि तोकिए बमोजिमको दस्तुर लिई व्यवसाय नामसारी गरिने छ ।

## परिच्छेद -८

## नविकरण सम्बन्धि व्यवस्था

१४) यस कार्यविधि बमोजिम नगरपालिका कार्यालयमा व्यवसाय दर्ता गरिसकेपछि देहायका कागजात संलग्न राखी प्रत्येक आ.व. को लागि व्यवसाय नविकरण गर्नुपर्नेछ ।

(क) व्यवसाय दर्ता प्रमाणपत्रको सक्कल ।

(ख) नविकरण दस्तुर तिरेको रसीद ।

## परिच्छेद -९

## व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी सम्बन्धी व्यवस्था

१५) यस कार्यविधि बमोजिम नगरपालिका कार्यालयमा व्यवसाय दर्ता गरि सकेपछि व्यवसायीले प्राप्त गरेको व्यवसाय दर्ता प्रमाणपत्र हराएमा वा झुत्रो भएमा प्रमाणपत्रको प्रतिलिपी प्राप्तीको लागि व्यवसायीले देहायका कागजात संलग्न राखी निवेदन दिनु पर्ने छ ।

(क) रीतपूर्वकको निवेदन ।

(ख) वडा कार्यालयको सिफारिस ।

(ग) व्यवसायीको ना.प्र.प. को प्रतिलिपी ।

१६) दफा १५ अनुसार संलग्न प्रमाणको आधारमा तोकीएको दस्तुर लिई व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी उपलब्ध गराइने छ ।

## परिच्छेद -१०

## विविध

१७) नगरपालिका कार्यालयले अनुगमन तथा निरीक्षण गरि शुक्लाफाँटा नगरपालिका क्षेत्रभित्र रहेका व्यवसायहरु यस कार्यविधि

बमोजिम दर्ता भए नभएको यकिन गरि दर्ता गर्न निर्देशन दिन सकने छ ।

१८) नगरपालिकाले दिएको निर्देशन पालना गर्नु प्रत्येक व्यवसायीको कर्तव्य हुनेछ ।

१९) यो कार्यविधि लागु हुनुपूर्व नगरपालिका कार्यालयमा दर्ता भएका व्यवसायहरु यसै कार्यविधि बमोजिम दर्ता भएको मानिने छ ।

२०) नगरपालिका कार्यालयले दिएको निर्देशन पालना नगर्ने वा आफ्नो व्यवसाय दर्ता गर्न अटेरी गर्ने व्यवसायीलाई नगरपालिका कार्यालय अथवा सम्बन्धित वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधा रोक्का राख्न सकिने छ ।

२१) यस कार्यविधि बमोजिम एकपटक यस नगरपालिका कार्यालयमा एक प्रकारको व्यवसाय दर्ता भईसकेपछि त्यसमा अर्को व्यवसाय थप गर्न पाइने छैन ।

२२) यस कार्यविधिको पालना गर्नु प्रत्येक नगरवासीको कर्तव्य हुनेछ ।

२३) कार्यविधि अन्तर्गत रही यो कार्यविधि कार्यान्वयन गर्न नगरपालिकाले अन्य उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

# अनुसूची- १

१) किराना तथा खुद्रा पसल
२) व्यूटीपार्लर तथा श्रृङ्गार
३) वेकरी उद्योग
४) पुस्तक तथा स्टेशनरीय पसल
५) वस्त्रालय एवमं कपडा पसल
६) मार्वल तथा गिफ्ट सेन्टर
७) फैन्सी तथा गिफ्ट सेन्टर
८) मेडीकल हल तथा प्याथोलोजी क्लिनिक
९) मिठाई तथा डेरी पसल
१०) फलफूल तथा तरकारी पसल
११) हार्डवयर पसल
१२) मोवाईल रिपेयरिङ्ग तथा विक्री पसल
१३) सुनचाँदी पसल
१४) अटोपार्टस वर्कशप
१५) एग्रोभेट पसल
१६) ग्रिल उद्योग
१७) विर्को खोली तथा विर्को बन्द गरि गरिने मदिराको कारोवार
१८) रेष्टुरेन्ट तथा रेष्टुराँ
१९) प्रिन्टिङ्ग प्रेस
२०) नाश्ता तथा चिया पसल
२१) पशुपंछी तथा कृषि फार्म

२२) नर्सरी उद्योग

२३) पोल्ट्री फार्म

२४) विजुली भण्डार

२५) ड्राई क्लिनर्स पसल

२६) चिम्नीको तथा भुसे ईटा भट्टा उद्योग

२७) घडी, रेडियो, टि.वि. मर्मत पसल

आज्ञाले,

विशनसिंह थापा

प्रमुख प्रशासकीय अधिकृत